# व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९

## (२०७९/८०-२०८४/८५)

(प्रथम अद्यावधिक २०८३)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार

२०८३ असार

## १. पृष्ठभूमि

निर्यात व्यापार आर्थिक विकासको महत्वपूर्ण आधार हो। निर्यात व्यापारले मुलुकमा वैदेशिक मुद्राको आर्जन, रोजगारी र आर्थिक वृद्धिमा सहयोग पुर्‍याउँछ। नेपालको संविधानको धारा ५१ मा उल्लिखित राज्यका नीतिअन्तर्गत अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने; राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन गर्ने; निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्ने; औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र सङ्घबिच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने विषय उल्लेख गरिएको छ।

उत्पादन वृद्धि, गुणस्तर सुधार, व्यापार सहजीकरण, निर्यात वृद्धि र आयात व्यवस्थापनको लागि उल्लिखित संवैधानिक मार्गनिर्देशन; वाणिज्य नीति, २०८१; औद्योगिक नीति, २०६७; नेपाल व्यापार एकीकृत रणनीति, २०७९; कृषि विकास रणनीति, २०७२; औद्योगिक व्यवसाय ऐन, २०७६; विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ लगायतका नीति तथा कानून कार्यान्वयनमा रहेका छन्। विश्व व्यापार सङ्गठनबाट अति कम विकसित मुलुक (Least Developed Country) को हैसियतले नेपालले विभिन्न छुट सुविधा प्राप्त गर्दै आउनुको साथै नेपाल दक्षिण एशियाली स्वतन्त्र व्यापार सम्झौता (South Asia Free Trade Agreement-SAFTA), बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहायताका लागि बंगालको खाडीको प्रयास (Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation - BIMSTEC) जस्ता क्षेत्रीय आर्थिक सङ्गठनको सक्रीय सदस्यसमेत रहेको छ। यसको अतिरिक्त भारत, चीन, बंगलादेशलगायतका १७ मुलुकसँग द्विपक्षीय व्यापार सम्झौता भएको छ। साथै संयुक्त राज्य अमेरिका, कम्बोडिया, म्यानमार, अष्ट्रेलिया र दक्षिण कोरियासँग द्विपक्षीय व्यापार तथा लगानी सम्झौता (TIFA) भएको छ। यसरी बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय प्रणाली र प्रक्रियाबाट सहुलियतपूर्ण बजार पहुँचको उपलब्धता हुँदाहुँदै पनि नेपालको निर्यात व्यापार अपेक्षित रूपमा वृद्धि हुन नसक्दा वैदेशिक मुद्रा आर्जन र व्यापार घाटा न्यूनीकरणमा सकारात्मक प्रभाव पर्न सकेको छैन। देशभित्रै तुलनात्मक तथा प्रतिस्पर्धात्मक क्षमताका वस्तु तथा सेवाको प्रचुर सम्भावना हुँदाहुँदै पनि कृषि तथा औद्योगिक उत्पादनमा अपेक्षित रूपमा वृद्धि हुन नसकी आयात प्रतिस्थापन र निर्यात वृद्धि हुन नसक्दा मुलुकको व्यापार घाटा निरन्तर बढ्नु अर्थ व्यवस्थाको लागि चिन्ताको विषय बनेको छ।

आ.व. २०७४/७५ मा वस्तुको आयात रु. १,२४५ अर्ब रहेकोमा सोको पाँच वर्षमा सो रकम वृद्धि भई आ.व. २०७८/७९ मा रु. १,९२० अर्ब र व्यापार घाटा १,७२० अर्ब पुगेको थियो। आर्थिक वर्ष २०८१/८२ मा कूल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु.२७७ अर्ब ३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात ३.० प्रतिशतले घटेको थियो । कूल गार्हस्थ्य उत्पादनमा कूल वस्तु निर्यातको अनुपात अघिल्लो वर्ष २.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ४.५ प्रतिशत रहेको छ । कूल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष ३.३ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा ११७.८ प्रतिशतले वृद्धि भई

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

रु.२२४ अर्ब ६८ करोड पुगेको छ । वस्तुगत आधारमा भारततर्फ मुख्यतया सोयाबिन तेल, पोलिस्टरको धागो, जुटका सामान, चिया लगायतका वस्तुहरूको निर्यातमा वृद्धि भएको छ । चीनतर्फको निर्यात अघिल्लो वर्ष ४६.६ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८१/८२ मा १.६ प्रतिशतले बढेर रु.२ अर्ब ६३ करोड कायम भएको छ । चीनतर्फ मुख्यतया ऊनी गलैचा, हस्तकलाका समानहरू, तयारी पोसाकलगायतका वस्तुहरूको निर्यात बढेको छ । अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ४.३ प्रतिशतले कमी आएकोमा आर्थिक वर्ष २०८१/८२ मा ६.७ प्रतिशतले वृद्धि भई रु. ४९ अर्ब ७१ करोड कायम भएको छ । त्यस्तै अन्य मुलुकतर्फ मुख्यतया पश्मिना, सङ्गीत वाद्ययन्त्रहरू वा तिनका पार्ट्स तथा एक्सेसरिज, चाउचाउ, नेपाली कागज, चियालगायतका वस्तुहरूको निर्यात बढेको छ । आर्थिक वर्ष २०८१/८२ मा कूल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु.१८०४ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात १.२ प्रतिशतले घटेको थियो । कूल गार्हस्थ्य उत्पादनमा कूल वस्तु आयातको अनुपात अघिल्लो वर्ष २७.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा २९.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा भारतबाट भएको वस्तु आयात ७५ प्रतिशतले वृद्धि भई रु.१०७१ अर्ब २० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात ३० प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०८१/८२ मा भारतबाट सवारी साधन तथा स्पेयर पार्टस्, स्पोन्ज आइरन, अन्य मेसिनरी तथा पार्टस्, धान तथा चामल, औषधीलगायतका वस्तुको आयात बढेको छ । चीनबाट भएको वस्तु आयात अघिल्लो वर्ष ३४.२ प्रतिशतले बढेकामा आर्थिक वर्ष २०८१/८२ मा १४.२ प्रतिशतले वृद्धि भई रु. ३४१ अर्ब १० करोड पुगेको छ । आर्थिक वर्ष २०८१/८२ मा चीनबाट टेलिकम उपकरण तथा पार्टस्, तयारी कपडा, लत्ताकपडा, विद्युतीय उपकरण, कम्प्यूटर तथा पार्टस्लगायतका वस्तुहरूको आयात बढेको छ ।

अन्य मुलुकबाट भएको वस्तु आयात अघिल्लो वर्ष १७६ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा ३१.७ प्रतिशतले वृद्धि भई रु.३९१ अर्ब ८२ करोड पुगेको छ । आर्थिक वर्ष २०८१/८२ अन्य मुलुकबाट कच्चा सोयाबिन तेल, खाने तेल, तेलहन, अन्य मेसिनरी तथा पार्ट्स, यातायात उपकरण तथा पार्टपुर्जालगायतका वस्तुहरूको आयात बढेको छ । आर्थिक वर्ष २०८१/८२ मा कूल वस्तु व्यापार घाटा ६० प्रतिशतले वृद्धि भई रु.१५२७ अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो व्यापार घाटा १० प्रतिशतले घटेको थियो । अघिल्लो वर्ष कूल गार्हस्थ्य उत्पादनमा कूल व्यापार घाटाको अनुपात २५.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा २५.० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा कूल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा ५.३ प्रतिशतले कमी आई रु.८४६ अर्ब ५१ करोड, चीनसँगको व्यापार घाटा १४.३ प्रतिशतले वृद्धि भई रु.३३८ अर्ब ४७ करोड र अन्य मुलुकसँगको व्यापार घाटा ३६.३ प्रतिशतले वृद्धि भई रु.३४२ अर्ब १० करोड पुगेको छ ।

कूल वस्तु व्यापार अघिल्लो वर्ष १.३ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१ / ८२ मा १९.२ प्रतिशतले वृद्धि भई रु.२०८१ अर्ब १५ करोड पुगेको छ । अघिल्लो वर्ष कूल गार्हस्थ्य उत्पादनमा कूल व्यापारको अनुपात ३०.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ३४.१ प्रतिशत रहेको छ । कूल व्यापारमा

भारतसँगको व्यापार अघिल्लो वर्ष ३.१ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा १७८ प्रतिशले वृद्धि भई रु.१२९५ अर्ब ८८ करोड पुगेको। चीनसँगको कूल व्यापार अघिल्लो वर्ष ३४.२ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८१/८२ मा १४.१ प्रतिशतले वृद्धि भई रु.३४३ अर्ब ७३ करोड पुगेको छ । त्यसैगरी, अन्य मुलुकसँगको कूल व्यापार अघिल्लो वर्ष १६.० प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा २८.३ प्रतिशतले वृद्धि भई रु. ४४१ अर्ब ५४ करोड पुगेको छ । आ.व. २०८१/८२ मा कूल गार्हस्थ्य उत्पादनको अनुपातमा वस्तुको आयात ३९.६ प्रतिशत, निर्यात ४.१ प्रतिशत र व्यापार घाटा ३५.५ प्रतिशत रहेको छ।

## २. कार्ययोजनाको आवश्यकता र औचित्य

नेपालको विद्यमान व्यापार घाटालाई कम गरी अर्थतन्त्रलाई सकारात्मक दिशातर्फ लैजानु अत्यन्त आवश्यक छ। सन् २०२६ मा नेपाल अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदा विश्व व्यापार सङ्गठनबाट अति कम विकसित राष्ट्रको हैसियतले प्राप्त गर्दै आएको सहज बजार पहुँच, विशेष तथा पृथक व्यवहारलगायतका विभिन्न छुट सुविधा गुम्न जाने भएकोले निर्यात व्यापारमा असर पर्ने देखिन्छ। यस प्रकारको असरलाई न्यूनीकरण गर्न स्वदेशी वस्तुको उत्पादन क्षमतामा सुधार गर्दै प्रमुख व्यापार साझेदार मुलुक तथा युरोपियन युनियनलगायतका क्षेत्रीय सङ्गठनसँग व्यापार तथा लगानीसम्बन्धी वार्ता तथा सम्झौता गर्नुपर्ने हुन्छ। साथै, स्वदेशभित्र तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमताका वस्तुहरूको आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने, कम गुणस्तर र स्वास्थ्यलाई हानी पुऱ्याउने वस्तुको आयात नियमन गर्ने, नेपाली वस्तुको गुणस्तर सुधार, ब्रान्डिङ तथा प्याकेजिङमा सुधार गर्ने, व्यापार तथा निर्यात सहजीकरण गर्ने, निर्यात प्रवर्धन गर्ने, सेवाको निर्यात व्यापारमा वृद्धि गर्नेजस्ता रणनीति अवलम्बन गरी व्यापार घाटामा न्यूनीकरण गर्नु अपरिहार्य छ। व्यापार एक बहुआयामिक विषय भएकोले व्यापार घाटा न्यूनीकरण गर्न कुनै एक मन्त्रालय वा निकायको प्रयास मात्र पर्याप्त हुन सक्दैन। यसका लागि नेपाल सरकारका विभिन्न निकायबिच प्रत्यक्ष र परोक्ष रूपमा सहयोग र सहकार्यको खाँचो पर्दछ। त्यसैले, नेपालको व्यापार घाटा न्यूनीकरण गर्न नेपाल सरकारका विभिन्न निकायले गर्नुपर्ने कार्यहरूको जिम्मेवारी तथा समयसारिणीसहितको व्यापार घाटा न्यूनीकरणसम्बन्धी कार्ययोजना २०७९ लाई अद्यावधिक गरी २०८२ मा यो कार्ययोजना तर्जुमा गरिएको छ।

## ३. कार्ययोजनाको लक्ष्य

नेपालको वस्तु तथा सेवाको निर्यात कूल गार्हस्थ्य उत्पादनको अनुपातमा आधार वर्ष २०७८/७९ को ६.३ प्रतिशतबाट आगामी पाँच वर्षमा २० प्रतिशत पुऱ्याउने।

## ४. कार्ययोजनाको उद्देश्य

नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूको एकीकृत तथा समन्वयात्मक प्रयासद्वारा बढ्दै गएको व्यापार घाटालाई कम गर्नु यस कार्ययोजनाको प्रमुख उद्देश्य रहेको छ। यसको अतिरिक्त अन्य उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका वस्तु तथा सेवाको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,

(ख) वस्तु तथा बजारको विविधीकरण गरी नेपाली वस्तुको निर्यात प्रवर्धन गर्नु,

(ग) कृषि तथा औद्योगिक वस्तुको उत्पादन तथा उपभोगमा वृद्धि गर्नु,

(घ) विभिन्न निकायहरू बिच प्रभावकारी समन्वय स्थापित गरी स्वदेशी तथा वैदेशिक लगानी र उत्पादन वृद्धि गर्नु,

(ङ) स्वदेशी उत्पादनको गुणस्तर सुधार गर्नु,

(च) मानव स्वास्थ्यलाई हानी पुऱ्याउने आयातित वस्तुहरूको नियमन गर्नु,

(छ) औद्योगिक तथा व्यापारजन्य पूर्वाधारको तीव्र विकास गर्नु,

(ज) विकासशील मुलुकमा स्तरोन्नति हुँदा गुम्न जाने बजार पहुँचको सुविधाको निरन्तरता र निर्यात प्रवर्धनको लागि बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय पहल, वार्ता तथा सम्झौता गर्नु,

(झ) व्यापार सहजीकरण गरी व्यापार तथा पारवहन लागत कम गर्नु।

## ५. कार्ययोजना कार्यान्वयन तथा अनुगमन

यस कार्ययोजनाको कार्यान्वयन गर्न अनुसूची-१ मा प्रत्येक निकायको कार्यजिम्मेवारी र समयसारिणी उल्लेख गरिएको छ। उक्त कार्ययोजनाबमोजिम सम्बन्धित निकायहरूले आफ्नो जिम्मेवारी भित्रका कार्य तोकिएको समयसीमा भित्रै सम्पन्न गर्ने व्यवस्था हुनेछ। विभिन्न निकायहरूले समन्वयात्मक रूपमा गर्नुपर्ने प्रकृतिका कार्यहरूको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले समन्वयात्मक भूमिका निर्वाह गर्नेछन्। प्रत्येक निकायहरूले कार्ययोजनामा रहेका निकायगत जिम्मेवारीको वार्षिक तथा आवधिक परिमाणात्मक लक्ष्य निर्धारण गरी नतिजा सूचकको आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा राष्ट्रिय योजना आयोगबाटसमेत कार्ययोजना कार्यान्वयनको अनुगमन हुनेछ। राष्ट्रिय विकास समस्या समाधान समिति, केन्द्रिय अनुगमन समितिबाटसमेत कार्ययोजनाको प्रगति समीक्षा हुनेछ। प्रगतिको सङ्कलन र सम्पादन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ।

## ६. कार्ययोजना कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्था

यस कार्ययोजनामा रहेका कार्यहरूको कार्यान्वयन प्रत्येक निकायले आफ्नो वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ। कार्ययोजना भित्रका कतिपय क्रियाकलाप नियमित बजेटबाट गर्न नसकिने भएमा वार्षिक कार्यक्रम तथा बजेटमा समेत समावेश गरी अर्थ मन्त्रालयमा पेश गर्नुपर्नेछ। अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले यस कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयनका लागि सम्बन्धित निकायबाट माग भई आएअनुसार बजेट विनियोजन गर्न प्राथमिकता दिनु पर्नेछ। यसका साथै यो कार्ययोजना कार्यान्वयन गर्दा व्यापार वित्त परिचालन गरी विकास सहायता परिचालन नीतिअनुरूप व्यापार सहायता (Aid for

Trade) र समिश्रित वित्त (Blended Finance) को परिचालन एवं देशगत सहायता र लगानी विशेषज्ञताको आधारमा विकास सहायता तथा विकास कुटनीति परिचालन गर्न सकिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची १

## व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९

## (आर्थिक वर्ष २०७९/८० -२०८४/८५)

| क्र.सं. | जिम्मेवार निकाय | निकायगत कार्य | | समय सीमा (वि.स.) | अपेक्षित उपलब्धि | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १.१ | राष्ट्रिय तथा क्षेत्रगत नीति, योजना र कार्यक्रममा उत्पादन वृद्धि, बजारीकरण, निर्यात प्रवर्धन र व्यवस्थापन गर्ने विषयलाई प्राथमिकता दिन सबै तहका निकायलाई निर्देशन, समन्वय तथा सहजीकरण गर्ने। | तत्काल सुरु गरी निरन्तर | व्यापारको मूल प्रवाहीकरणमा सहयोग पुगेको हुने। | | |
| | | १.२ | व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना को कार्यान्वयनको अनुगमन गर्ने। | निरन्तर | कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको हुने। | | |
| | | १.३ | व्यापारसम्बन्धी द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीयस्तरमा भएका र हुने सन्धि, सम्झौता, सहमतिबाट अधिकतम लाभ लिने गरी उपलब्धिमूलक भूमिका खेल्न सम्बन्धित निकायलाई निर्देशन दिने। | तुरुन्त सुरु गरी निरन्तर | द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सन्धि सम्झौताहरूको कार्यान्वयन भई निर्यात प्रवर्धन भएको हुने। | | |
| | | १.४ | आयात निर्यातलाई प्रभाव पार्ने नीतिगत विषयमा निर्णय हुँदा सम्बन्धित निकायले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग परामर्श लिने प्रणाली स्थापित गर्ने। | तत्काल सुरु गरी निरन्तर | क्षेत्रगत नीति तथा कार्यक्रममा निर्यात प्रवर्धनको विषय समावेश भएको हुने। | | |
| २ | राष्ट्रिय योजना आयोग | २.१ | वाणिज्य नीति, नेपाल व्यापार एकीकृत रणनीतिलगायतका समष्टिगत र क्षेत्रगत रणनीति, योजना तथा कार्यक्रममा उत्पादन, बजारीकरण, निर्यात प्रवर्धन, | निरन्तर | विभिन्न क्षेत्रगत नीति तथा योजनाहरूमा व्यापारको | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र. सं. | जिम्मेवार निकाय | निकायगत कार्य | | समय सीमा (वि.स.) | अपेक्षित उपलब्धि | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आयात प्रतिस्थापन एवम् आयात व्यवस्थापनलाई प्राथमिकताका साथ आवधिक योजना, कार्यक्रम लगायतमा मूलप्रवाहीकरण गर्ने। | | मूलप्रवाहीकरण भएको हुने। | | |
| | | २.२ | उत्पादन र उत्पादकत्व अभिवृद्धि, स्वदेशी वस्तुको उत्पादनलाई बढावा दिई निर्यात प्रवर्धन गर्ने प्रकृतिका कार्यक्रम कार्यान्वयनलाई प्राथमिकतामा राखी अनुगमन तथा मूल्याङ्कन गर्ने। | निरन्तर | विभिन्न मन्त्रालय/निकायहरूले सञ्चालन गर्ने कार्यक्रममा निर्यात व्यापारको विषय समावेश भई कार्यान्वयन भएको हुने। | | |
| | | २.३ | प्रदेश तथा स्थानीय तहका नीति तथा योजना तर्जुमा गर्दा निर्यात प्रवर्धन तथा आयात प्रतिस्थापनमा सहयोग पुग्ने गरी व्यापार मूलप्रवाहीकरण गर्न समन्वय गर्ने। | निरन्तर | प्रदेश सरकार तथा स्थानीय तहका नीति तथा योजनामा निर्यात प्रवर्धन तथा आयात प्रतिस्थापनको लागि व्यापार मूलप्रवाहीकरण भएको हुने। | | |
| | | २.४ | मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निर्यात प्रवर्धन र आयात प्रतिस्थापनसँग सम्बन्धित कार्यक्रमको नियमित मूल्याङ्कन गरी सम्बन्धित निकायलाई पृष्ठपोषण गर्ने। | निरन्तर | मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा लक्षित कार्यक्रम बीच तादाम्यता भएको हुने। | | |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३.१ | निर्यात प्रवर्द्धन तथा आपूर्ति श्रृङ्खला व्यवस्थापनका लागि व्यापार लजिस्टिक्स गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउने। | २०८३ सम्म | व्यापार लजिस्टिक्स गुरुयोजना तयार भएको हुने। | अर्थ मन्त्रालय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ३.२ | व्यापार पूर्वाधारको (ICP, ICD, Warehouse, Common Facility Center, लगायत) मापदण्ड विकास गर्ने। | २०८३ सम्म | व्यापार पूर्वाधार मापदण्ड तयार भएको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | |
| | | ३.३ | नेपाल गुणस्तर तथा प्रयोगशाला नीति तर्जुमा गरी कार्यान्वयन गर्ने। | २०८३ सम्म | नेपाल गुणस्तर तथा प्रयोगशाला नीति तर्जुमा भएको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | |
| | | ३.४ | निर्यातयोग्य वस्तुहरुले सामना गर्नु परेका गुणस्तरजन्य अवरोधको पहिचान गरी सम्बोधन गर्न राष्ट्रिय मापदण्ड निर्माण गर्ने। | २०८३ सम्म | गुणस्तरजन्य अवरोधको पहिचान गरी सम्बोधन गर्ने राष्ट्रिय मापदण्ड निर्माण भएको हुने। | | |
| | | ३.५ | लगानी तथा व्यापारसम्बन्धी वार्तामा संलग्न टोलीलाई मार्गदर्शन गर्न वार्ता निर्देशिका (म्यानुअल) तयार गर्ने। | २०८३ सम्म | लगानी तथा व्यापारसम्बन्धी वार्ता निर्देशिका तयार भएको हुने। | परराष्ट्र मन्त्रालय | |
| | | ३.६ | नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तु तथा सेवाको देशगत तथा वस्तुगत निर्यात रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने। | २०८४ सम्म | निर्यात सम्भावना भएका वस्तु तथा सेवाको पहिचान भएको हुने । | अर्थ मन्त्रालय | |
| | | ३.७ | उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादनमा आधारित प्रोत्साहन कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने। | २०८३ सम्म | उत्पादनमा आधारित प्रोत्साहन कार्यविधि निर्माण भई कार्यान्वयन भएको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | |
| | | ३.८ | दोधरा चाँदनी एकीकृत जाँच चौकी निर्माण सम्पन्न गर्ने। | २०८५ सम्म | दोधरा चादनी एकीकृत जाच चौकी निर्माण | अर्थ मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सम्पन्न भएको हुने। | | |
| | | ३.९ | भैरहवा एकीकृत जाँच चौकी निर्माण सम्पन्न गर्ने। | २०८३ सम्म | भैरहवा एकीकृत जाच चौकी निर्माण सम्पन्न भएको हुने। | अर्थ मन्त्रालय | |
| | | ३.१० | कोरला सुख्खा बन्दरगाह निर्माण सुरु गर्ने। | २०८४ सम्म | कोरला सुख्खा बन्दरगाह निर्माण कार्य सुरु भएको हुने। | अर्थ मन्त्रालय | |
| | | ३.११ | गुणस्तर र प्रमाणीकरण व्यवस्थाको सुदृढीकरण गर्न राष्ट्रिय प्रत्यायन केन्द्रको(National Accreditation Center) संस्थागत सबलीकरण/सुदृढीकरण गर्ने। | २०८३ सम्म | राष्ट्रिय प्रत्यायन केन्द्रको संस्थागत सबलीकरण भई गुणस्तर र प्रमाणीकरण सम्बन्धी कार्य सुरु भएको हुने। | अर्थ मन्त्रालय | |
| | | ३.१२ | नेपालले तय गरेको गुणस्तर, SPS तथा क्वारेन्टाइनसम्बन्धी मापदण्ड तथा प्रक्रिया पूरा गरेका वस्तुमात्र नेपालभित्र पैठारी गर्नसक्ने व्यवस्था सुनिश्चित गर्न भन्सार विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, राष्ट्रिय प्लान्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्र, पशु क्वारेन्टाइन कार्यालयहरुको संस्थागत सुदृढीकरण गर्ने। | निरन्तर | मापदण्ड पूरा गरेका खाद्य तथा गैरखाद्य वस्तुको मात्र आयात भई मानव, पशुपन्छी तथा बिरुवाको स्वास्थ्य संरक्षण हुने र कम गुणस्तरीय वस्तुको आयात घटेको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय, अर्थ मन्त्रालय, | |
| | | ३.१३ | राष्ट्रियस्तरमा एक आधुनिक र सुविधा सम्पन्न अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र निर्माण कार्य सुरु गर्ने। | २०८३ सम्म | संघीय राजधानीमा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र निर्माण कार्य सुरु भएको हुने। | | |
| | | ३.१४ | प्रदेशहरूमा सार्वजनिक निजी साझेदारीको अवधारणाअनुसार | २०८४ सम्म र निरन्तर | प्रत्येक प्रदेशमा प्रदर्शनीस्थल | प्रदेश सरकार | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | क्रमश: प्रदर्शनीस्थल निर्माण गर्दै जाने। | | निर्माण कार्य शुरु भएको हुने | | |
| | | ३.१५ | निर्यातजन्य वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उत्पादक र उक्त उत्पादनसँग सम्बन्धित कच्चा पदार्थ संकलन गर्ने संकलकलाई समेत एकै थलोमा संलग्न गराई निजी सरकारी लागत साझेदारीमा देशका विभिन्न भागमा विभिन्न वस्तुहरूसँग सम्बद्ध सामूहिक सुविधा केन्द्र (Common Facility Center) निर्माण गर्ने। | २०८४ सम्म | नेपालमा उपलब्ध कच्चा पदार्थहरूमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूले उत्पादन गर्ने निर्यातजन्य वस्तुहरूको प्रवर्द्धन गर्न ६ वटा सामूहिक सुविधा केन्द्र निर्माण र सञ्चालन भएको हुने | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | |
| | | ३.१६ | नेपालको वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्क, सूचना सङ्कलन तथा विश्लेषण गरी नीतिगत पृष्ठपोषण गर्न मन्त्रालयमा मार्केट तथा ट्रेड इन्टेलिजेन्स शाखा वा एकाई स्थापना गर्ने। | २०८३ सम्म | मार्केट तथा ट्रेड इन्टेलिजेन्स शाखा/एकाइ स्थापना भई कार्य सञ्चालन भएको हुने। | नेपाल राष्ट्र बैंक, भन्सार विभाग,व्यापार तथा निकासी प्रवर्धन केन्द्र | |
| | | ३.१७ | अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा तथ्याङ्क एउटै स्थानमा समावेश गरी व्यापार तथा निकासी प्रवर्धन केन्द्रमा स्थापना भएको नेपाल ट्रेड इन्फरमेशन पोर्टलको सबलीकरण गरी प्रयोगकर्तामैत्री बनाउने। | निरन्तर | नेपाल ट्रेड इन्फरमेशन पोर्टलको प्रयोगमार्फत व्यापार सहजीकरण भएको हुने। | व्यापार तथा निकासी प्रवर्धन केन्द्र | |
| | | ३.१८ | भारतीय बन्दरगाहबाट नेपालको सीमा नाकासम्म आउने कार्गो ढुवानीको लागत र समय कम गर्न लागू गरिएको Electronic Cargo Tracking System (ECTS) लाई रेल मार्गको | निरन्तर | ECTS बाट नेपाल आउने कार्गो ढुवानीको लागत तथा समय कम भएको हुने। | निजी क्षेत्र | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | अतिरिक्त सडक मार्गमा समेत लागू गर्ने। | | | | |
| | | ३.१९ | विद्युतीय व्यापारको माध्यमबाट नेपाली वस्तु तथा सेवाको व्यापार प्रवर्धन र नियमन गर्न वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको संस्थागत सबलीकरण गर्ने। | २०८३ सम्म | विद्युतीय व्यापार व्यवस्थित भई व्यापार प्रवर्धन भएको हुने। | सूचना तथा सञ्चार मन्त्रालय, नेपाल राष्ट्र बैंक | |
| | | ३.२० | अन्तर्राष्ट्रिय व्यापार र पारवहन लागत घटाउन कोलकत्ता तथा हल्दिया बन्दरगाहमा NTWCL ले लिजमा लिएको जग्गा उपयोग गरी व्यापार पारवहन सहजीकरण गर्ने। | २०८३ सम्म र निरन्तर | अन्तर्राष्ट्रिय व्यापार र पारवहन लागतमा कमि भएको हुने। | नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड (NTWCL) | |
| | | ३.२१ | स्वदेशी वस्तुको उत्पादन तथा उपभोग वढाउन सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका २०८१ को प्रभावकारी कार्यान्वयनमार्फत स्वदेशी उत्पादन उपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने । | निरन्तर | स्वदेशी वस्तुको उत्पादन, उपभोग वृद्धि भई आयात न्यूनीकरण भएको हुने। | सवै सार्वजनिक निकायहरू, निजी क्षेत्रका छाता संगठनहरु | |
| | | ३.२२ | निजी क्षेत्रले सञ्चालन गरेका 'मेक इन नेपाल', 'मेड इन नेपाल' जस्ता अभियानलाई आवश्यक सहयोग उपलब्ध गराउने। | निरन्तर | स्वदेशी वस्तुको उत्पादन तथा उपभोग वृद्धि भई आयात न्यूनीकरण भएको हुने। | सवै सार्वजनिक निकायहरू, निजी क्षेत्रका छाता संगठनहरु | |
| | | ३.२३ | प्रदेश र स्थानीय तहमा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु तथा सेवाको पहिचान तथा विकास गर्न एक स्थानीय तह | निरन्तर | तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु तथा सेवाको पहिचान तथा | प्रदेश सरकार र स्थानीय तह | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | एक विशिष्ट उत्पादन कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने। | | विकास भएको हुने। | | |
| | | ३.२४ | प्रत्येक प्रदेशमा निर्यात सम्भावना भएका कम्तिमा दुई वस्तुको पहिचान गरी ती वस्तुको ठूलो परिमाणमा उत्पादन (Mass Production) का लागि प्रदेशसँग साझेदारी गर्ने। | निरन्तर | प्रदेशमा सम्भावित वस्तुको पहिचान तथा निर्यात वृद्धि भएको हुने। | प्रदेश सरकार | |
| | | ३.२५ | निर्यात सम्भावना भएका बहुमूल्य जडीबुटीहरुको पहिचान गरी व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने। | निरन्तर | बहुमूल्य जडीबुटीहरुको पहिचान भई व्यावसायिक खेती वृद्धि भएको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय, | |
| | | ३.२६ | दैलेखमा उत्खननको क्रममा रहेको पेट्रोलियम पदार्थको व्यवसायिक उत्पादन कार्य सुरु गर्ने। | २०८४ सम्म | नेपालभित्रै पेट्रोलियम पदार्थको व्यवसायिक उत्पादन सुरु भएको हुने। | | |
| | | ३.२७ | फलाम लगायतका खानी र खनिजजन्य वस्तुको अन्वेषण, उत्खनन र उत्पादन कार्य अघि बढाउने। | २०८४ सम्म | फलाम लगायतका खानी र खनिजजन्य वस्तुको अन्वेषण, उत्खनन र उत्पादन भएको हुने। | | |
| | | ३.२८ | नेपाल व्यापार एकीकृत रणनीतिमा समावेश भएका कम्तिमा ३ वटा वस्तुको अन्य मुलुकमा सामूहिक व्यापार चिह्न दर्ता गर्ने कार्यमा सहजीकरण गर्ने। | निरन्तर | नेपाल व्यापार एकीकृत रणनीतिमा समावेश भएका कम्तिमा ३ वटा वस्तुहरूको सामूहिक व्यापार चिह्न दर्ता भएको हुने। | परराष्ट्र मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ३.२९ | विश्वव्यापी मूल्य श्रृंखलामा आवद्ध हुने गरी वस्तु तथा सेवा उत्पादन गर्न निजी क्षेत्रलाई प्रविधि हस्तान्तरण, वित्तीय सहजिकरण तथा बजार पहुँचमार्फत प्रोत्साहित गर्ने । | निरन्तर | विश्वव्यापी मूल्य शृङ्खलामा आईरहेको परिवर्तन अनुरूपका वस्तु तथा सेवाको उत्पादन भएको हुने । | | |
| | | ३.३० | व्यापार तथा लगानीको बदलिँदो परिस्थितिलाई मध्यनजर गरी विद्यमान द्विपक्षीय व्यापार, पारवहन तथा लगानी सम्झौताको पुनरावलोकन गर्ने। साथै, सम्भावित मुलुकसँग द्विपक्षीय व्यापार, लगानी तथा दोहोरो करमुक्ति सम्झौता गर्ने। | निरन्तर | वैदेशिक लगानी तथा निर्यात प्रवर्धन भएको हुने। | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय | |
| | | ३.३१ | नेपाली औद्योगिक गुणस्तरलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न मुख्य व्यापार साझेदार ५ मुलुकसँग पारस्परिक मान्यता सम्झौता गर्ने। | २०८४ सम्म | ५ वटा मुलुकसँग पारस्परिक मान्यता सम्झौता भएको हुने। | परराष्ट्र मन्त्रालय | |
| | | ३.३२ | नेपाललाई अतिकम विकसित मुलुकको हैसियतले प्राप्त भइरहेका व्यापारजन्य सुविधा (Everything But Arms, Duty Free Quota Free Market Access, Flexible Rules of Origin etc.) स्तरोन्नति पश्चात् समेत निरन्तरताको लागि निकासी हुने प्रमुख गन्तव्य मुलुक तथा युरोपियन युनियनसँग पहल, वार्ता तथा सम्झौता गर्ने। | २०८४ सम्म | हाल पाइरहेका व्यापारजन्य सुविधाको निरन्तरता भएको हुने। | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, | |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | राष्ट्रिय योजना आयोग | |
| | | ३.३३ | अति कम विकसित राष्ट्रका खास खास मुद्दामा चेतना अभिवृद्धि गर्न निर्यातकर्ता तथा अन्य सरोकारवालासँग क्षेत्रगत रूपमा नियमित अन्तरक्रिया गर्ने। | निरन्तर | निर्यातयोग्य वस्तुको प्रतिस्पर्धात्मक क्षमता वढेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ३.३४ | कोलकत्ता बन्दरगाहदेखि नेपालका सम्भावित जलमार्गमा Waterways System बाट तेस्रो मुलुकसँग व्यापार गर्न मौजुदा पारवहन सन्धि पुनरावलोकन गर्न द्विपक्षीय वार्ता गर्ने। | २०८४ सम्म | Waterways System सञ्चालनको लागि पारवहन सन्धि पुनरावलोकन भएको हुने। | परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| | | ३.३५ | नेपाल-चीन बीच भएको पारवहन ढुवानी सम्झौताको प्रोटोकल अनुसार चीनमार्फत पारवहन सुविधाको उपयोग गर्ने। | २०८४ सम्म | चीनमार्फत पारवहन सुविधाको उपयोग भएको हुने। | परराष्ट्र मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय | |
| | | ३.३६ | उत्पत्तिको प्रमाणपत्र प्रक्रियालाई सरल, पारदर्शी बनाउँदै डिजिटल प्रणालीमार्फत उपलब्ध गराउने। | २०८३ सम्म | उत्पत्तिको प्रमाणपत्र डिजिटल प्रणालीमार्फत जारी भएको हुने। | निजी क्षेत्र | |
| ४ | अर्थ मन्त्रालय | ४.१ | निर्यातजन्य वस्तु र सेवाको विकास र मूल्य शृङ्खला विकास तथा व्यापार पूर्वाधार विकासको क्षेत्रमा केन्द्रित रही व्यापारका लागि सहायता (Aid for Trade) परिचालनमा प्राथमिकता दिने। | निरन्तर | व्यापारका लागि सहायता (Aid for Trade) प्रभावकारी रूपमा परिचालन भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.२ | औद्योगिक कच्चा पदार्थको रूपमा आयात हुने वस्तु विशुद्ध रूपमा कच्चा पदार्थ र माध्यमिक कच्चा पदार्थको रूपमा मात्र प्रयोग हुनेमा न्यूनतम एक तह तथा बहुप्रयोग हुने त्यस्ता | हरेक वर्ष बजेट तर्जुमा गर्दा | औद्योगिक कच्चा पदार्थको भन्सार महसुल दर पुनरावलोकन भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वस्तुको आयातको प्रकृति हेरी तयारी र कच्चा पदार्थको बीच फरक भन्सार दर निर्धारण गर्ने। | | | | |
| | | ४.३ | अन्तर्राष्ट्रिय व्यापार प्रणालीबाट अधिकतम लाभ लिन निर्यातमैत्री बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने। | निरन्तर | निर्यात वृद्धिमा सहयोग पुग्न गई व्यापार घाटा कम भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.४ | विद्युतीय सवारी साधन र अन्य घरायसी प्रयोजनका विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गर्न भन्सार महसुल घटाउने र सहुलियतपूर्ण कर्जा नीति अवलम्बन गर्ने। | २०८३ सम्म | विद्युतीय सवारी साधन र घरायसी विद्युतीय उपकरणको प्रयोग बढेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| | | ४.५ | व्यावसायिक जडीबुटी उत्पादनमा लगानीकर्तालाई सहुलियतपूर्ण ऋण, कर छुटलगायतका अन्य सुविधा र सहुलियत प्रदान गर्दै जाने। | २०८३ सम्म र निरन्तर | जडीबुटी उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | |
| | | ४.६ | बहुपक्षीय र दुईपक्षीय सन्धि सम्झौताको अधीनमा रही माछा, मासु, दूध, ताजा तरकारी, फलफूल लगायतको आयातमा भन्सार महसुल दर वृद्धि गर्ने। गैरभन्सारजन्य उपायको समेत प्रयोग गर्ने। | २०८३ सम्म | खाद्यपदार्थ, तरकारी र फलफूलको आयात घटेको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | |
| | | ४.७ | विश्व व्यापार सङ्गठनको Binding Rate र अन्य क्षेत्रीय सङ्गठनमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी काठका तयारी सामानको आयातमा भन्सार दर वृद्धि गर्ने। | २०८३ सम्म | काठको आयात निरुत्साहित भएको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ४.८ | विश्व व्यापार सङ्गठनको Binding Rate र अन्य क्षेत्रीय सङ्गठनहरूमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी विलासिताका वस्तुको आयातमा भन्सार दर पुनरावलोकन गर्ने । | २०८३ सम्म | विलासी वस्तुको आयात निरुत्साहित भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.९ | विश्व व्यापार सङ्गठनको Binding Rate र अन्य क्षेत्रीय सङ्गठनहरूमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी डिष्ट्रिव्यूसन ट्रान्सफरमर, कम भोल्टेज र न्यून गुणस्तरका तारका सामानको आयातमा भन्सार दर वृद्धि गर्ने। | २०८३ सम्म | डिष्ट्रिव्यूसन ट्रान्सफरमर, कम भोल्टेजका तारका सामानको आयात घटेको हुने। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| | | ४.१० | सुनचाँदीका गरगहना निर्यातमा प्रोत्साहित गर्न भन्सारमा लकर सुविधा, Duty Draw Back र Deemed Export लगायतका सुविधाको व्यवस्था गर्ने । | २०८३ सम्म | सुनचाँदीका गरगहनाको निर्यात बढेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल राष्ट्र बैंक | |
| | | ४.११ | विश्व व्यापार सङ्गठनको Binding Rate र अन्य क्षेत्रीय सङ्गठनहरूमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी हिरा तथा बहुमूल्य पत्थरको पैठारी महसुल दर पुनरावलोकन गर्ने । | २०८३ सम्म | हिरा तथा बहुमूल्य पत्थरको आयात घटेको हुने। | | |
| | | ४.१२ | विश्व व्यापार सङ्गठन र अन्य क्षेत्रीय सङ्गठनमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी आयातित प्रशोधित पानी/मिनरल वाटर, जुस, कार्बोनेटेड तथा फ्लेभर सिन्थेटिक पेय पदार्थ र इनर्जी प्रदायक पेय पदार्थको अन्तःशुल्क दर पुरावलोकन गर्ने। | २०८३ सम्म र निरन्तर | विभिन्न पेय पदार्थको आयात घटेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ४.१३ | विश्व व्यापार सङ्गठनको Binding Rate र अन्य क्षेत्रीय सङ्गठनमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी आन्तरिक उत्पादन क्षमता भएका बिस्कुट, चाउचाउ र ड्राइफुडलगायतका वस्तुको आयात निरुत्साहित गर्ने गरी कर प्रणाली पुनरावलोकन गर्ने। | २०८३ सम्म | आन्तरिक उत्पादन क्षमता भएका बिस्कुट, चाउचाउ र ड्राइफुड लगायतका वस्तुको आयात घटेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.१४ | तयारी पोसाक उद्योगले तयारी पोसाक बनाउन प्रयोग गर्ने कच्चा पदार्थको पैठारीको महसुल र तयारी वस्तुको पैठारी महसुल दर फरक बनाउने। | २०८३ सम्म | स्वदेशी तयारी पोसाक उद्योगको प्रवर्धन भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.१५ | विश्व व्यापार सङ्गठनको Binding Rate र अन्य क्षेत्रीय सङ्गठनमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी महङ्गा शृङ्गारका सामानको आयातमा पैठारी महसुल पुनरावलोकन गर्ने। | २०८३ सम्म | महङ्गा शृङ्गारका सामानको आयात घटेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.१६ | विश्व व्यापार सङ्गठनको Binding Rate र अन्य क्षेत्रीय सङ्गठनमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी खेलौना र मनोरञ्जनका सामानको भन्सार दरमा पुरावलोकन गर्ने। | २०८३ सम्म | खेलौना र मनोरञ्जनका सामानको आयात घटेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.१७ | भन्सारमा मालवस्तुको स्पष्ट घोषणा र यथार्थपरक मूल्याङ्कनलाई थप ब्यवस्थित एवम् प्रणालीमा आबद्ध गर्ने। | निरन्तर | वास्तविक कारोबार मूल्यको आधारमा भन्सार मूल्याङ्कन प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने। | | |
| | | ४.१८ | सीमा नाकामा रहेका सम्बद्ध निकायहरूको आपसी समन्वय | निरन्तर | चोरी निकासी पैठारी नियन्त्रण भएको हुने। | प्रधानमन्त्री तथा मन्त्रिपरिष | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | एवम् सक्रियता बढाई चोरी निकासी पैठारी नियन्त्रण गर्ने। | | | द्को कार्यालय, गृह मन्त्रालय | |
| | | ४.१९ | व्यापार सहजीकरण सम्झौतामा उल्लिखित प्रावधान, एकद्वार प्रणाली (Single Window), व्यापार पोर्टल, भन्सार क्षेत्र/पूर्वाधार, निकासी प्रकियामध्ये अर्थ मन्त्रालयले गर्नुपर्ने प्रावधान कार्यान्वयन गरी निर्यातको लागत र समय कम गर्ने। | निरन्तर | व्यापार सहजीकरण भई व्यापार तथा पारवहन लागत घटेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.२० | ठुला पूर्वाधार परियोजनालाई स्थानीय कच्चा पदार्थ तथा निर्माण सामग्री खरिदमा सहुलियत दिने। | निरन्तर | परियोजनालाई स्थानीय कच्चा पदार्थ तथा निर्माण सामग्री खरिदमा सहुलियत प्रदान गरिएको हुने। | | |
| | | ४.२१ | मालवस्तुको प्रकृति तथा राजस्व संवेदनशीलताको आधारमा खास भन्सार विन्दु तोक्ने। | निरन्तर | तोकिएका वस्तुको आयात निरुत्साहित भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ४.२२ | भन्सार विन्दुहरूमा आयातित वस्तुको क्वारेन्टाइन चेकजाँचको कार्यलाइ चुस्त तथा प्रभावकारी बनाउन भन्सार विभागअन्तर्गत खाद्य, पशु तथा वनस्पति क्वारेन्टाइन सेवा/समूह गठन गर्ने गरी सङ्गठन पुनर्संरचना गर्ने । | २०८४ सम्म | भन्सार विन्दुहरूमा खाद्य, पशु तथा वनस्पति क्वारेन्टाइन चेकजाँचसम्बन्धी कार्य चुस्त र प्रभावकारी भएको हुने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | ५.१ | वार्षिक एक अर्ब रुपैयाँभन्दा बढी मूल्यका पैठारी भएका कृषि तथा पशुजन्य वस्तुमध्ये आन्तरिक उत्पादन वृद्धि गर्न वस्तुको आयात आगामी ३ वर्ष भित्रमा ३० प्रतिशतले प्रतिस्थापन गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने। | २०८५ सम्म | आन्तरिक उत्पादन बढाउन सकिने कृषि तथा पशुजन्य वस्तुहरूको आयात ३० प्रतिशतले प्रतिस्थापन भएको हुने। | | |
| | | ५.२ | नेपाल व्यापार एकीकृत रणनीतिमा समावेश भएका प्राथमिकतामा परेका चिया, अलैंची, अदुवा र जडीबुटीलगायतका उच्च मूल्यवान वस्तुको उत्पादन ३० प्रतिशतले बढाउने कार्यक्रम सञ्चालन गर्ने। | २०८४ सम्म | नेपाल व्यापार एकीकृत रणनीतिले प्राथमिकता दिएका कृषिजन्य वस्तुहरूको उत्पादन ३० प्रतिशतले बढेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश तथा स्थानीय तह | |
| | | ५.३ | कृषि उपजको उत्पादन बढाउन तथा उत्पादित वस्तुको बजारको सुनिश्चितताको लागि प्रत्येक स्थानीय तहमा त्यस्ता उत्पादनको प्रचुरता देखिएका वस्तुको खरिदको लागि मालवस्तु सुरक्षित सङ्कलन गर्न भण्डारण केन्द्र खोल्ने व्यवस्था मिलाउने। | २०८५ सम्म | प्रत्येक स्थानीय तहमा खाद्यान्न भण्डार गृहको स्थापना भएको हुने। | प्रदेश तथा स्थानीय तह | |
| | | ५.४ | बजारको मागअनुसार कृषिजन्य बाली/वस्तुमा Pest Risk Analysis तथा Pest Surveillance तथा पशुपन्छीजन्य उत्पादनको हकमा Animal disease risk analysis, disease surveillanceजस्ता कार्यको माध्यमबाट स्वदेशी वस्तुको गुणस्तर प्रमाणीकरण गरी निर्यात सहजीकरण गर्ने। सम्भाव्य क्षेत्रमा | २०८३ सम्म र निरन्तर | कृषिजन्य बाली/वस्तुमा Pest risk analysis तथा Pest surveillance तथा पशुपन्छीजन्य उत्पादमा Animal disease risk analysis, disease surveillance मा क्षमता विकास र | नेपाल कृषि अनुसन्धान परिषद् र विश्वविद्यालयहरू | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कम्पार्टमेण्टलाइजेशन गरी रोगमुक्त उत्पादन प्रणालीको विकास तथा गुणस्तर प्रमाणीकरणको व्यवस्था गर्ने। | | गुणस्तर प्रमाणीकरणको व्यवस्था सुदृढ भएको हुने। | | |
| | | ५.५ | निर्यात अभिवृद्धि र आयात प्रतिस्थापन गर्नुपर्ने चिया, कफी, अलैंची, फलफूल, तरकारी तथा जडीबुटीलगायतका कृषिजन्य वस्तुको अनुसन्धान, बिउ विकास र खेती गर्न कार्ययोजना तयार गरी लागु गर्ने। | २०८५ सम्म र निरन्तर | निर्यात वृद्धि गर्ने र आयात प्रतिस्थापन गर्नुपर्ने कृषिजन्य वस्तुको अनुसन्धान कार्ययोजना तयार गरी लागु भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ५.६ | आलु, तरकारी, दुग्ध पदार्थ, माछा, मासु तथा अण्डाको उत्पादन वृद्धिको लागि नेपाल राष्ट्र बैंकसँगको समन्वयमा सहुलियतपूर्ण कर्जा तथा अन्य प्रवर्धनात्मक कार्यक्रममार्फत उत्पादन वृद्धि गरी आत्मनिर्भर हुने। | २०८४ सम्म | आधारभूत कृषि तथा पशुजन्य वस्तुको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन भएको हुने। | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंङ्क | |
| | | ५.७ | कृषकले उचित बजार नपाएको कारणले कृषि पेसाबाट पलायन हुनबाट रोक्न कृषि/पशु बजार तथा अन्य बजार पूर्वाधार निर्माण तथा विस्तार, पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण तथा बजारीकरणमा सहयोगमार्फत उत्पादन वृद्धि गर्ने। | २०८४ सम्म र निरन्तर | बजारमुखी उत्पादन प्रणालीको विकास भएको र पशुजन्य उत्पादनमा मूल्य शृङ्खलामा सुधार भएको हुने। | कृषि विभाग, पशु सेवा विभाग, सम्बन्धित प्रदेश र स्थानीय तहका कार्यालयहरू | |
| | | ५.८ | व्यावसायिक उत्पादन गरिने खाद्यान्न, बीउ, तरकारी, फलफूल तथा पशुपन्छीको बीमाको दायरा बढाउँदै क्रमशः | निरन्तर | खाद्यान्न, बिउ, तरकारी, फलफूल तथा पशुपन्छी क्षेत्रमा बिमा | अर्थ मन्त्रालय, बिमा समिति | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | अनिवार्य गर्दै लैजाने तथा बिमा कार्यक्रम अनलाइन प्रणालीबाट सञ्चालन गर्ने। | | सुविधामा वृद्धि भएको हुने र रियल टाइम डाटा अद्यावधिक भएको हुने। | | |
| | | ५.९ | बाली लगाउनु पूर्व नै धान, गहुँ, उखुलगायतका कृषिजन्य वस्तुहरू तथा दुधको न्यूनतम समर्थन मूल्य तोकी सम्बन्धित संस्था वा निकायबाट खरिद गर्ने व्यवस्था मिलाउने र उखुको मूल्य समयमा नै कृषकलाई भुक्तानी दिने व्यवस्था मिलाउने। साथै बजारमूल्य भन्दा समर्थन मूल्य बढी भएमा फरक रकम बजेटमार्फत सम्बन्धित संस्थालाई उपलब्ध गराउने। | हरेक वर्ष वाली लगाउनु पहिले | आधारभूत कृषिजन्य वस्तुहरूको न्यूनतम समर्थन मूल्य तोक्ने प्रणालीको विकास भई कृषकलाई बजारको प्रत्याभूति सहित उत्पादन बढाउन प्रोत्साहन गरिएको हुने। | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ५.१० | चिनीको आन्तरिक उत्पादनमा आत्मनिर्भर हुने गरी उखु उत्पादन बढाउने र उखु उत्पादक कृषकलाई उत्पादनमा अनुदान दिने व्यवस्था मिलाउने। | २०८३ सम्म र निरन्तर | उखुको उत्पादन वृद्धि भएको हुने। | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सम्बन्धित प्रदेशका मन्त्रालय | |
| | | ५.११ | प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोगलाई प्रवर्धन गर्दै रासायनिक मल तथा विषादीको परनिर्भरतालाई कम गरी प्राङ्गारिक उत्पादन वृद्धि गर्ने। | २०८३ सम्म र निरन्तर | कृषि उपजको उत्पादन वृद्धि भएको हुने। | अर्थ मन्त्रालय र सम्बन्धित प्रदेशका मन्त्रालयहरू | |
| | | ५.१२ | रासायनिक मलमा प्रदान गरिएको अनुदानसम्बन्धी मौजुदा व्यवस्थामा | २०८३ सम्म र निरन्तर | रासायनिक मलमा दिएको अनुदान | अर्थ मन्त्रालय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पुनरावलोकन गर्दै सीमावर्ती बजारको मूल्यसमेतको आधारमा रासायनिक मलको बजार मूल्य समायोजन गर्ने। | | पुनरावलोकन भएको हुने। | | |
| | | ५.१३ | नाशवान् वस्तुको ढुवानीमा वातानुकूलित कन्टेनरको प्रयोगका लागि सहुलियत, अनुदान तथा छुटमार्फत सहजीकरण र प्रोत्साहन गर्ने। | २०८३ मा सुरु गरी निरन्तर | नाशवान् वस्तुको ढुवानीमा वातानुकूलित कन्टेनरको प्रयोग भएको हुने। | अर्थ मन्त्रालय | |
| | | ५.१४ | औषधीजन्य र सुगन्धित जडीबुटीको निर्यात प्रवर्धन गर्ने। | निरन्तर | औषधीजन्य र सुगन्धित जडिबुटिको निर्यात प्रवर्धन भएको हुने। | | |
| | | ५.१५ | निकासीजन्य जडीबुटी तथा वन पैदावरको सङ्कलन, आन्तरिक ढुवानी र निकासी प्रक्रिया सरलीकरण गर्ने। | २०८३ सम्म | निकासीजन्य वन पैदावरको सङ्कलन, ढुवानी र निर्यात सहज भएको हुने। | | |
| | | ५.१६ | नेपाली कागज, काठका मूर्ति लगायत वनजन्य निर्यातयोग्य वस्तुको प्रयोगमा आउने काठ र लोक्ताको सहज आपूर्ति हुने व्यवस्था मिलाउने। | निरन्तर | नेपाली कागज, काठका मूर्तिजस्ता निर्यातजन्य वस्तुको वनजन्य कच्चा पदार्थको सहज आपूर्ति भएको हुने। | | |
| | | ५.१७ | सम्भावित क्षेत्रमा औषधीजन्य र सुगन्धित वनस्पति तथा जडीबुटीको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने। | निरन्तर | सुगन्धित वनस्पति तथा जडीबुटीको व्यावसायिक खेती वृद्धि भएको हुने। | | |
| | | ५.१८ | जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उपलब्ध हुने स्थानमा जडीबुटी सङ्कलन, भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गर्ने। | निरन्तर | जडीबुटी सङ्कलन तथा भण्डारण सुविधाहरू स्थापना भई सञ्चालनमा आएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ५.१९ | जडीबुटी तथा गैरकाष्ठ वन पैदावार निकासी हुने प्रमुख भन्सार नाकामा व्यापार साझेदार मुलुकसँगको समन्वयमा पारस्परिक मान्यताप्रात (Mutually accredited) प्रयोगशाला निर्माण गर्ने। | निरन्तर | भन्सार नाकाहरूमा जडीबुटी प्रयोगशाला तथा प्रमाणीकरण सुविधा उपलब्ध भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ५.२० | वनको दिगो व्यवस्थापनमार्फत वन पैदावारको आन्तरिक खपत तथा निकासीलाई प्रोत्साहन गर्ने। | निरन्तर | वन पैदावारको आन्तरिक उपयोग तथा निर्यात वृद्वि भएको हुने। | | |
| | | ५.२१ | जडीबुटी तथा गैरकाष्ठ वन पैदावार निर्यात हुने मुलुकसँग पारस्परिक मान्यता सम्झौता गरी सहज रूपमा निर्यात हुने वातावरण बनाउने । | निरन्तर | वन पैदावारको सहज निर्यातको लागि विभिन्न मुलुकसँग पारस्परिक मान्यता सम्झौता गरिएको हुने। | | |
| | | ५.२२ | नेपाली काठको प्रयोगलाई प्रोत्साहन गर्न विश्व व्यापार सङ्गठनको Binding Rate र अन्य क्षेत्रीय सङ्गठनहरूमा गरिएका प्रतिबद्धताको प्रतिकूल नहुने गरी आयातित फर्निचर तथा काठमा भन्सार महसुल वृद्धि गर्ने तथा वन व्यवस्थापन शूल्क लगाउने सम्बन्धमा अध्ययन गर्ने। | २०८३ सम्म | फर्निचर तथा काठको आयात घटेको हुने। | अर्थ मन्त्रालय | |
| ६ | परराष्ट्र मन्त्रालय | ६.१ | परराष्ट्र नीतिको कार्यान्वयनमा निर्यात प्रवर्धनलाई उच्च प्राथमिकतामा राख्ने। | निरन्तर | निर्यात प्रवर्धन भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ६.२ | आर्थिक कूटनीति कार्यक्रम अन्तर्गत नेपाली नियोगहरूसँग समन्वय गरी निर्यात, प्रवर्द्धन, व्यापार मेला, बैठकलगायतका कार्यक्रमहरुमा पायक पर्ने स्थानहरुमा परराष्ट्र मन्त्रालय तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहभागिता सुनिश्चित गर्ने | निरन्तर | आर्थिक कूटनीतिअन्तर्गत निर्यात प्रवर्धन कार्यक्रमलाई समावेश गरिएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ६.३ | विदेशस्थित नेपाली नियोगहरूले नियमित रूपमा नियोग रहेको र सहप्रमाणीकृत मुलुकको बजार सर्वेक्षण तथा विश्लेषण गरी नेपाली वस्तु तथा सेवा निर्यातको सम्भावना पहिचान गरी सोको प्रतिवेदन परराष्ट्र मन्त्रालयमा पेश गर्ने | २०८४ सम्म | प्रमुख दश गन्तव्य मुलुकमा नेपाली वस्तु तथा सेवाहरूको निर्यातको सम्भावनाको नियमित सर्वेक्षण र विश्लेषण भएको हुने। | | |
| | | ६.४ | नेपाली कूटनीतिक नियोगहरूले नियोग रहेको मुलुक तथा सहप्रमाणीकृत मुलुकमा नेपाली वस्तु तथा सेवा उत्पादक तथा निर्यातकर्ताका लागि बी-टु-बी बैठक एवम् अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनी तथा मेलाहरूमा सहभागिताको लागि सहजीकरण गर्ने | निरन्तर | बी-टु-बी बैठक एवम् अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनी तथा मेलाहरूमा सहभागिताको लागि सहजीकरण भएको हुने। | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | |
| | | ६.५ | विदेशस्थित नेपाली नियोगले नियोग रहेको र सहप्रमाणीकृत मुलुकका प्रमुख वा सम्भावित आयातकर्तासँग नियमित रूपमा छलफल परामर्श गरी निर्यात सहजीकरण गर्ने। | निरन्तर | नेपाली वस्तु तथा सेवाको निर्यात प्रवर्धनमा सहयोग पुगेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ६.६ | विदेशस्थित नेपाली नियोगले नियोग रहेको र सहप्रमाणीकृत मुलुकमा निर्यात गर्दा अपनाउनुपर्ने प्रक्रिया र प्राप्त हुने सुविधा एवम् सम्भावित खरिदकर्ताको सूची सहितको विवरण चौमासिकरूपमा परराष्ट्र मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा उपलब्ध गराउने। | निरन्तर | निर्यात प्रवर्धन र सहजीकरण भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ६.७ | विदेशस्थित कूटनीतिक नियोगमा हस्तकला र आधारभूत निर्यातजन्य वस्तुको स्थायी प्रदर्शनी कक्ष निर्माण गर्ने। कूटनीतिक नियोगमा निर्माण हुने प्रदर्शनी कक्षमा राख्ने प्रयोजनको लागि विदेशस्थित कूटनीति नियोगको पृष्ठपोषणका आधारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बस्तुको नमूना वा फोटो उपलब्ध गराउने। | निरन्तर | कूटनीतिक नियोगहरूमा निर्यातजन्य नेपाली वस्तुको स्थायी प्रदर्शनी कक्ष निर्माण भई नेपाली वस्तुको प्रचार प्रसार भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ६.८ | नेपाली कूटनीतिक नियोगले उपहार दिनुपर्दा तथा अतिथि सत्कारमा नेपालको मौलिक पहिचान झल्किने नेपालमै उत्पादित वस्तुको प्रयोग गर्ने। | निरन्तर | स्वदेशी उत्पादनको प्रवर्धन हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय | |
| | | ६.९ | परराष्ट्र मन्त्रालयबाट हुने वार्ता, सम्झौता, सन्धि एवम् समझदारीमा औद्योगिक विकास, लगानी, पर्यटन र निर्यात प्रवर्धनका विषयलाई प्राथमिकतामा राख्ने। | निरन्तर | औद्योगिक विकास, लगानी, पर्यटन र निर्यात प्रवर्धनमा मद्दत पुगेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उडयन मन्त्रालय | |
| | | ६.१० | नेपालमा रहेका अवैतनिक महावाणिज्यदूत/वाणिज्यदूतहरूलाई व्यापार तथा लगानी प्रवर्धनसम्बन्धी कामका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग प्रत्यक्ष समन्वय र सहकार्य गर्ने । | तत्काल प्रारम्भ गरी निरन्तर | व्यापार तथा लगानी प्रवर्धनका सम्बन्धमा अवैतनिक महावाणिज्यदूत/ वाणिज्यदूतहरूको भूमिका प्रभावकारी भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| ७ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७.१ | पर्यटन पूर्वाधार विशेषगरी पदमार्ग र विमानस्थल एवम् पर्यटकीय स्थल तथा होटलको विकास गर्न सहजीकरण गर्ने। | निरन्तर | पर्याप्त पर्यटन पूर्वाधारको विकास गरी पर्यटक सङ्ख्यामा क्रमिक रूपमा वृद्धि भएको हुने। | अर्थ मन्त्रालय | |
| | | ७.२ | आन्तरिक पर्यटनको विकास गरी धार्मिक, साहसिक र मनोरञ्जनात्मक तीनवटै पर्यटन विधालाई समान रूपमा अगाडि बढाउने। | २०८४ सम्म | धार्मिक, साहसिक र मनोरञ्जनात्मक तीन वटै पर्यटन विधाको विकास भएको हुने। | | |
| | | ७.३ | बैठक, सम्मेलन, प्रदर्शनीसम्बन्धी विकासलाई प्रवर्धन गर्ने। | २०८३ सम्म | MICE पर्यटनको विकास भएको हुने। | | |
| | | ७.४ | नेपाल सरकारले खर्च व्यहोर्ने गरी अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुँदा नेपाली वायुसेवाको प्रयोगलाई प्राथमिकता दिने। | निरन्तर | नेपाली वायुसेवाको प्रवर्धन भएको हुने। | | |
| | | ७.५ | नेपाली वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा दिने सेवामा नेपाली उत्पादन प्रयोग गर्ने र शून्य महसुल (Duty Free) मा नेपाली उत्पादनको बिक्री गर्ने। | २०८३ सम्म र निरन्तर | अन्तर्राष्ट्रिय उडानमा नेपाली उत्पादनको प्रवर्धन भएको हुने। | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ७.६ | नेपाल भ्रमण दशक (सन् २०२३-२०३३) कार्यक्रम सञ्चालन गर्ने। | सन् २०३३ सम्म | पर्यटन आगमनमा वृद्धि भई अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि भएको हुने। | | |
| | | ७.७ | विनाशकारी भूकम्प र कोरोना महामारीबाट पर्यटन क्षेत्रमा परेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न नेपालको पर्यटन क्षेत्र पुनरुत्थान कार्ययोजना, २०७९ कार्यान्वयन गर्ने। | २०८३ सम्म | पर्यटन क्षेत्रलाई पूर्ववत् अवस्था ल्याउने गरी सुधारको कार्य भएको हुने। | | |
| ८ | पूर्वाधार विकास मन्त्रालय | ८.१ | नेपाल र चीन सीमा जोड्ने प्रमुख सडक स्तरोन्नति गर्ने। | २०८५ सम्म | नेपाल चीन सीमा जोड्ने काठमाण्डौ-तातोपानी सडक स्तरोन्नति भएको हुने। | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय | |
| | | ८.२ | गल्छी-त्रिशुली-स्याफ्रुबेशी-रसुवागढी सडक स्तरोन्नति सम्पन्न गरी निकासी/पैठारीमा सहजता ल्याउने। | २०८४ सम्म | नेपाल चीन सीमा जोड्ने प्रमुख सडकको स्तरोन्नति भएको हुने। | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | |
| | | ८.३ | बेनी-जोमसोम-कोरला सडक स्तरोन्नति सम्पन्न गरी निकासी/पैठारीमा सहजता ल्याउने। | २०८४ सम्म | नेपाल चीन सीमा जोड्ने प्रमुख सडकहरूको स्तरोन्नति भएको हुने। | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ८.४ | वीरगञ्ज-मुग्लिङ-काठमाडौं सडकको मुग्लिङ-नागढुंगा खण्ड स्तरोन्नति गर्ने। | २०८५ सम्म | १०० कि.मि. सडक कम्तिमा ४ लेनमा स्तरोन्नति भएको हुने। | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय | |
| | | ८.५ | प्रमुख शहरमा सार्वजनिक यातायातको रूपमा ठूला सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने। | निरन्तर | निजी गाडीको आयातमा कमी आई सवारी जाम कम भएको हुने। | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय | |
| | | ८.५ | आर्थिक करिडोरहरुको मर्मत संभार गरी Minimum Level of service Maintain गर्ने। | निरन्तर | आर्थिक करिडोरहरुमा Minimum Level of service Maintain भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| ९ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | ९.१ | औद्योगिक क्षेत्र, औद्योगिक करिडोर, उद्योग, व्यापार र सेवाका सबै क्षेत्रमा निरन्तर, भरपर्दो र सहज विद्युत आपूर्तिको व्यवस्था गर्ने। | निरन्तर | औद्योगिक तथा व्यापारिक क्षेत्रमा सहज र भरपर्दो विद्युत आपूर्ति भएको हुने। | | |
| | | ९.२ | विद्युत उत्पादन वृद्धिसँगै विद्युत महसुल पुनरावलोकन गरी पेट्रोलियम पदार्थको प्रयोगलाई विद्युतद्वारा क्रमशः प्रतिस्थापन गर्दै जाने। | २०८५ सम्म | विद्युतीय ऊर्जाबाट पेट्रोलियम पदार्थको प्रयोग प्रतिस्थापन भएको हुने। | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ९.३ | विद्युतबाट सञ्चालित ठूला यातायातका सवारी साधनको लागि चार्जिङ स्टेशन स्थापना गर्ने। | २०८५ सम्म | चार्जिङ स्टेशन स्थापना भएको हुने। | अर्थ मन्त्रालय | |
| | | ९.४ | कृषि र उद्योग क्षेत्रका पेट्रोलियम पदार्थमा आधारित उपकरणलाई विद्युतीय उपकरणले प्रतिस्थापन गर्ने। | २०८३ सम्म | पेट्रोलियम पदार्थको उपभोग घटेको हुने। | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ९.५ | धेरै कोइला प्रयोग हुने ईंटा तथा सिमेन्ट उद्योगमा विद्युतीय प्रणाली उपयोग प्रोत्साहन गर्ने। | निरन्तर | ईंटा तथा सिमेन्ट उद्योगमा बिजुलीको प्रयोग बढेको हुने। | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | ९.६ | वैकल्पिक ऊर्जाको उत्पादन र उपयोगलाई थप प्रोत्साहन गर्ने। | निरन्तर | वैकल्पिक ऊर्जाको विकास भएको हुने। | | |
| | | ९.७ | ग्रीन हाइड्रोजनमा आधारित रासायनिक मल कारखाना स्थापना गर्ने तथा ग्रीन हाइड्रोजन उत्पादन गरी इन्धनको रूपमा प्रयोगमा ल्याउने। | २०८५ सम्म | रासायनिक मल कारखाना स्थापना भएको हुने। | | |
| | | ९.८ | एलपि ग्याँसको विकल्पको रूपमा विद्युतको घरायसी उपयोग वृद्धि गर्न विद्युत महसुल घटाउने। | २०८४ सम्म | पेट्रोलियम पदार्थको आयात कम भएको हुने। | अर्थ मन्त्रालय | |
| १० | शिक्षा तथा खेलकुद मन्त्रालय | १०.१ | निकासीजन्य वस्तु तथा सेवाको विकास र विविधीकरणको लागि उपयुक्त प्रविधि विकास गराउने। | निरन्तर | निकासीजन्य वस्तु तथा सेवा विकासका लागि उपयुक्त प्रविधि विकास भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १०.२ | सरकारी, निजी वा सामुदायिक स्तरमा स्थापित अनुसन्धान, अन्वेषण वा आविष्कारको उद्देश्यले सञ्चालित संस्थाहरूसँग सहकार्य र साझेदारी गर्ने। | निरन्तर | अनुसन्धान, अन्वेषण र आविष्कारसम्बन्धी संस्थाहरूसँग सहकार्य र साझेदारी भएको हुने। | | |
| | | १०.३ | विभिन्न विश्वविद्यालयका कार्यकारी प्रमुखहरू सम्मिलित अनुसन्धान तथा विकास समन्वय समिति गठन गरी अनुसन्धान र विकासमा सहयोग पुऱ्याउने। | निरन्तर | अनुसन्धान तथा विकास समन्वय समिति गठन भएको हुने। | | |
| | | १०.४ | नेपालको शिक्षा क्षेत्रको गुणस्तर वृद्धि गरी विदेशीलाई नेपालका कलेज तथा विश्वविद्यालयमा अध्ययन गर्ने वातावरण तयार गर्ने। | २०८४ सम्म | नेपालका कलेज तथा विश्वविद्यालयमा विदेशी विधार्थी आकर्षित भएको हुने। | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय | |
| | | १०.५ | मेडिकल शिक्षा अध्ययनमा विदेशी विद्यार्थीलाई आकर्षित गर्न नीतिगत सहजीकरण गर्ने। | निरन्तर | मेडिकल शिक्षा अध्ययनमा विदेशी विद्यार्थीको अनुपात वृद्धि भएको हुने | अर्थ मन्त्रालय | |
| | | १०.६ | नेपाली कामदारको दक्षता अभिवृद्धिको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्राविधिक विद्यालयलगायत अन्य तालिम प्रदायक संस्थाको संरचनात्मक पुनरावलोकन गर्ने। | निरन्तर | तालिम प्रदायक संस्थाको पुर्नसंरचना भई थप गुणस्तरीय र दक्ष जनशक्ति अभिवृद्धि भएको हुने। | युवा, श्रम तथा रोजगार मन्त्रालय | |
| ११ | सूचना तथा सञ्चार मन्त्रालय | ११.१ | विद्युतीय व्यापारको लागि आवश्यक इन्टरनेट पहुँच विस्तार गर्न नेपाल दूरसञ्चार प्राधिकरण, दूरसञ्चार सेवा प्रदायक र इन्टरनेट सेवा प्रदायक संस्थालाई परिचालन गर्ने। | निरन्तर | विद्युतीय व्यापारको लागि आवश्यक इन्टरनेटको पहुँच विस्तार भएको हुने। | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ११.२ | विद्युतीय व्यापारमा नेपालको हुलाक सेवा विभाग र मातहतका निकायलाई वस्तु ढुवानीकर्ताको रूपमा संलग्न गराउने। | निरन्तर | हुलाक संरचना मार्फत् विद्युतीय व्यापार मा वस्तु ढुवानीको लागि संस्थागत तत्परता र क्षमता विकास भएको हुने। | | |
| | | ११.३ | सूचना प्रविधिको समन्वय र सुपरीवेक्षण गर्ने निकायगत संरचना स्थापना गर्ने। | २०८४ सम्म | सूचना प्रविधि, बिजनेश प्रोसेस आउटसोर्सिङको समन्वय र सुपरीवेक्षण गर्ने निकायगत संरचना स्थापना एवम् सुदृढीकरण भएको हुने। | | |
| | | ११.४ | डिजिटल नवप्रवर्तन तथा सहनिर्माण केन्द्रको स्थापना गर्ने। | २०८४ सम्म | डिजिटल नवप्रवर्तन तथा सहनिर्माण केन्द्रको स्थापना भई नवप्रवर्तनमा आधारित उद्योग विकास भएको हुने। | | |
| १२ | युवा, श्रम तथा रोजगार मन्त्रालय | १२.१ | वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सीप, पूँजी, अनुभव क्षमता र दक्षताको उपयोग गर्न आर्थिक, सामाजिक, उद्यमशीलता र रोजगारीको क्षेत्रमा पुन: एकीकरण कार्यक्रमको दायरा विस्तार गर्ने। | निरन्तर | पुन: एकीकरण कार्यक्रम सबै प्रदेशमा विस्तार भएको हुने। | | |
| | | १२.२ | आन्तरिक र वैदेशिक रोजगारीमा जाने कामदारको मागमा आधारित सिप विकास गर्ने। | निरन्तर | वैदेशिक रोजगारीका अवसरमा वृद्धि हुनुको साथै उच्च पारिश्रमिक प्राप्त भएको हुने। | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १२.३ | वैदेशिक रोजगारीबाट प्राप्त सीप, अनुभव र विप्रेषणको उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने। | निरन्तर | वैदेशिक रोजगारीबाट प्राप्त सिप, अनुभव र विप्रेषणको उत्पादनमूलक क्षेत्रमा उपयोग भएको हुने। | सबै क्षेत्रगत मन्त्रालय तीनै तहका सरकार | |
| | | १२.४ | औद्योगिक क्षेत्र र निकासीजन्य व्यवसायमा मजदुर हडताल नहुने प्रबन्धको लागि वैकल्पिक विवाद समाधानको प्रबन्ध र सुमधुर औद्योगिक सम्बन्धसहितको कानूनी व्यवस्था गर्ने। | निरन्तर | औद्योगिक क्षेत्र र निकासीजन्य व्यवसायमा मजदुर हडताल न्यूनीकरण भएको हुने। | सबै क्षेत्रगत मन्त्रालय तीनै तहका सरकार | |
| | | १२.५ | मर्यादित रोजगारीको सिर्जनामार्फत आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने। | तुरुन्त प्रारम्भ गरी निरन्तर | मुलुकभित्रै पर्याप्त मात्रामा गुणस्तरीय रोजगारीका अवसरको सिर्जना भई बेरोजगारीको सङ्ख्या न्यूनीकरण भएको हुने। | | |
| १३ | गृह मन्त्रालय | १३.१ | औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको सुरक्षालाई विशेष प्राथमिकतामा राखी सुरक्षा व्यवस्था मिलाउने। | निरन्तर | औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको सुरक्षा प्रत्याभूत भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | १३.२ | निकासी हुने वस्तुलाई सम्बन्धित भन्सार विन्दुसम्म निर्वाधरूपमा पुऱ्याउन ढुवानीमा सहजीकरण गर्ने। | निरन्तर | निर्यातजन्य वस्तुको ढुवानीमा सहजीकरण भएको हुने। | अर्थ मन्त्रालय | |
| | | १३.३ | खुला सिमानाबाट हुने अवैध निकासी पैठारीलाई नियन्त्रण गर्न सीमा व्यापारसँग सम्बन्धित निकाय तथा संयन्त्रसँग समन्वय गरी परिचालन गर्ने। | निरन्तर | खुला सिमानाको कारणबाट हुने अनधीकृत व्यापार नियन्त्रण भएको हुने। | अर्थ मन्त्रालय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १३.४ | नेपालका कारागारहरूमा रहेका कैदी बन्दीलाई सीपमूलक तालिम दिई निर्यातजन्य र आयात प्रतिस्थापन गर्ने वस्तुको उत्पादन कार्यमा संलग्न गराई उनीहरूबाट उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने। साथै कारागारमा उत्पादन हुने वस्तुको लागि आवश्यक पर्ने कच्चा पदार्थको नियमित र सहज आपूर्तिको व्यवस्था मिलाउने। | निरन्तर | कैदी बन्दीले तालिम प्राप्त गरी आर्थिकरुपमा सबल भएको हुने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| | | १३.५ | आयात निर्यातलाई नियमन गर्न नेपाल सरकारले गरेका निर्णय, परिपत्र सीमा नाकामा परिचालन भएका सुरक्षा निकायबाट कडाईका साथ पालना गराउने। | निरन्तर | अनधीकृत व्यापार नियन्त्रण भएको हुने। | अर्थ मन्त्रालय | |
| | | १३.६ | अवैध व्यापारलाई नियन्त्रण गर्न अन्तर-सरकारी समन्वयलाई प्रभावकारी बनाउने। | निरन्तर | अन्तरसरकारी समन्वय सुदृढ भएको हुने। | अर्थ मन्त्रालय | |
| | | १३.७ | अपराधको बदलिँदो स्वरूपबाट सिर्जित सुरक्षा चुनौतीको सामना गर्दै आतङ्कवाद तथा सङ्गठित अपराध, वित्तीय अपराध, विदेशी विनिमय अपचलन, हुण्डी कारोबार, सीमापार वित्तीय अपराध, क्रिप्टो कारोबार, मिटरब्याजी, साइबर अपराध, लागू पदार्थको अवैध ओसारपसार तथा कारोबारलगायतका सबै प्रकारका अपराध नियन्त्रणमा नियमनकारी र कार्यान्वयनमा संलग्न हुने सहयोगी निकायलाई थप सक्षम बनाउने। | निरन्तर | अबैध कारोवार, अवैध व्यापार र अपराध न्यूनीकरण भई शान्ति सुरक्षा तथा वित्तीय कारोबारमा टेवा पुगेको हुने। | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १३.८ | सुरक्षा निकायहरूलाई आवश्यक पर्ने सुरक्षा उपकरण, गोलीगट्ठा, पोसाकलगायतका सामग्री नेपालमै उत्पादन गर्ने वातावरण मिलाउने। | निरन्तर | स्वदेशी उत्पादन तथा उद्योग संरक्षण हुने। | अर्थ मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| १४ | नेपाल राष्ट्र बैंक | १४.१ | निर्यात क्षेत्रमा सरल, सुविधायुक्त र सहुलियतपूर्ण कर्जा विस्तार गर्न बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहन गर्ने। | २०८३ सम्म | निर्यात क्षेत्रमा सरल, सुविधायुक्त र सहुलियतपूर्ण ऋणको व्यवस्था भएको हुने। | | |
| | | १४.२ | विद्युतीय सवारी साधनको खरिदमा सहज र सरल वित्तीय सुविधा उपलब्ध गराउने। | निरन्तर | विद्युतीय सवारी साधनको प्रयोग बढेको हुने। | | |
| | | १४.३ | कृषि कर्जालाई सरल बनाउने, यसको सीमा बढाउने र स्थानीय तहसँग समन्वय गरी वित्तीय साक्षरता वृद्धि गरी लक्षित वर्गको पहुँच वृद्धि गर्ने। | निरन्तर | कृषि कर्जा सरल भई लक्षित वर्गसम्म पहुँच वृद्धि भएको हुने। | | |
| | | १४.४ | उत्पादनशील तथा प्राथमिकता प्राप्त क्षेत्रमा बैंकिङ क्षेत्रको कर्जा सीमा बढाउने। | निरन्तर | उत्पादनशील क्षेत्रमा बैंकिङ प्रणालीको कर्जा बढेको हुने। | | |
| | | १४.५ | निर्यात व्यापारलाई सहजीकरण र व्यवस्थित गर्न प्रतितपत्रलाई प्रवर्द्धन गर्ने र टेलिग्राफ ट्रान्सफरबाट हुने भुक्तानी क्रमशः घटाउँदै लैजाने। | निरन्तर | प्रतितपत्रमार्फत निकासी व्यापार सहजीकरण र व्यवस्थित भएको हुने। | | |
| | | १४.६ | बाली धितो राखी ऋण लिने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने। | निरन्तर | कृषिजन्य वस्तुको उत्पादन वृद्धि भएको हुने। | | |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं